स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रधानमन्त्री केपी शर्मा ओली अभिनेत्री सुरक्षा पन्तको प्रतिरक्षामा उभिएका छन्। एमाले निकट जनसांस्कृतिक आयोजित महाधिवेशनमा बोल्दै प्रधानमन्त्रीले एक टिभी अन्तर्वार्तामा भनेका कुरालाई लिएर राजावादीबाट आलोचित अभिनेत्री पन्तको बचाउ गरे। कलाकार र फिल्मलाई बहिष्कार गर्दा अरुलाई फरक नपर्ने बताउँदै प्रधानमन्त्रीले राजावादीले सहन नसकेको बताए।

आजको विचार...



एक....
(दुई पेजमा)

सुशिल बस्याल



अभिनेता तथा फिल्म निर्माता दीपकराज गिरी समसामयिक मुद्दामा विचार राखिरहेका हुन्छन्। यसबेला भने उनको टिप्पणी कलाकारतर्फ लक्षित छ। सोमबार फेसबुकमा स्टाटस लेख्दै गिरीले समाज विस्तारै असहिष्णु बन्दै गएको बताएका छन् । आफ्नो फिल्म 'छक्काफञ्जा ५' रिलिजको बेला कतिपयले बसपुत र सुरक्षा पन्तसम्मको सन्दर्भ उल्लेख गरेका छन्। 'वसन्त' रिलिजको बेला निर्माता तथा निर्देशक सपुतले फिल्मको प्रचारको क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीको प्रशंसा गरेका थिए।

❒ वर्ष ३० ❒ अंक २७५ ❒ २०८२ वैशाख १८ गते बिहीबार 1 May 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# रेशम चौधरी पक्राउ 'अनधिकृत'

## कारागार चलान भएकै चार घण्टामा थुनामुक्त, पत्र काट्ने सर्वोच्चका अधिकृत पक्राउ

हाम्रा संवाददाता

**पाल्पा,** वैशाख १७/सर्वोच्च अदालतको प्रशासनले नै इजलासबाट आएको फैसला शैलीमा पत्र लेखेर प्रहरीलाई दिएपछि नागरिक उन्मुक्ति पार्टी (नाउपा) का संरक्षक रेशम चौधरी पक्राउ परेको खुलेको छ । सर्वोच्च अदालतको मुद्दा तथा रिट महाशाखाका शाखा अधिकृत महिमानसिंह विष्टले राष्ट्रपति रामचन्द्र पौडेलबाट यसअघि भएको आममाफीको निर्णय नै उल्ट्याइदिएका छन् । यही पत्रका आधारमा प्रहरीले चौधरीलाई बुधबार नेपाल प्रज्ञा प्रतिष्ठानबाट पक्राउ गरेको थियो ।


विष्टबाट जारी आएको आदेश अनधिकृत रहेको समेत सर्वोच्च अदालतले पुष्टि गरेको छ । अदालतले त्यो पत्र सर्वोच्चको आधिकारिक नभएको बताएको छ । सर्वोच्चले चौधरीको पक्राउ अनधिकृत रहेकाले तत्काल रिहा गर्न निर्देशन दिएको थियो । सर्वोच्चका सह रजिस्ट्रार अच्युत कइकेलले पत्र जारी गरेर




तत्काल थुनामुक्त गर्न आदेश दिएपछि पक्राउ गरेको चार घण्टामै थुनामुक्त गरिएको थियो । सर्वोच्चले डिल्ली बजार कारागारलाई तुरुन्त थुनामुक्त गर्न पत्र पठाएपछि चौधरी रिहा भएका हुन । यसअघि उनलाई शंकास्पद् पत्रका आधारमा प्रहरीले पक्राउ गरेको थियो । प्रज्ञा प्रतिष्ठानमा जनमत पार्टीसँग एकता हुने तयारी भइरहेका बेला उनलाई प्रहरीले पक्राउ गरेको थियो । सर्वोच्च अदालतका शाखा अधिकृतको अनधिकृत पत्रका आधारमा पक्राउ परेलगत्तै उनलाई डिल्लीबजार कारागारमा लगिएको थियो । अनधिकृत रहेको पाइएपछि प्रहरीले पत्र काट्ने शाखा अधिकृत महिमानसिंह विष्टलाई नै पक्राउ गरेर हिरासतमा राखेको छ । सर्वोच्चले विज्ञप्ति जारी गर्दै चौधरी पक्राउ गर्नेसम्बन्धी पत्र अनधिकृत भएको र विष्टमाथि कानुनी कारबाहीको प्रक्रिया सुरु भएको जनाएको छ । संरक्षक चौधरी पक्राउ परेसँगै जनमत र नाउपाको एकीकरण घोषणा कार्यक्रमसमेत स्थगित भएको छ । विष्टले राष्ट्रपति रामचन्द्र पौडेलबाट यसअघि भएको आममाफीको निर्णय नै उल्ट्याइदिएका थिए । २०७२ भदौमा टीकापुरमा भएको घटनाका कारण चौधरीलाई अदालतले जन्मकैदको फैसला सुनाएको थियो तर, २०८० जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा सरकारले दिएको आममाफीका आधारमा उनी डिल्लीबजार कारागारबाट रिहा भएका थिए । पाँच वर्ष तीन महिना जेल सजाय काटेका चौधरीको १४ वर्ष ९ महिना जेल सजाय छुट भएको थियो । आममाफी दिएर चौधरीलाई छुटाएपछि टीकापुरमा हत्या भएका सशस्त्र प्रहरी निरीक्षक केशव बोहोराकी श्रीमती शारदा कडायतले पुन: सर्वोच्च अदालतमा मुद्दा हालेकी थिइन् । उनले आठ जना सुरक्षाकर्मी र एक जना नाबालकको ज्यान लिने गरी भएको टीकापुर घटना नेपाली समाजमा घटेको एउटा अकल्पनीय र दु:खदायी एवम् क्रूर आपराधिक घटना भएको भन्दै माफी दिने नमिल्ने जिकिर गरेकी थिइन् ।

### संक्षिप्त समाचार

## गोरू काट्ने पक्राउ



**पाल्पा,** वैशाख १७ /स्याङ्जाको पुतलीबजार नगरपालिका -१२ पेल्काचौर सिम्लेमा गोरू काट्ने एक जना पक्राउ परेका छन् । गोरु काटेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटेको प्रहरी टोलीले सोही ठाउँका ४० वर्षीय टेक भन्ने डम्बर बहादुर गुरूङलाई पक्राउ गरेको हो ।

गुरुङले पालेको गोरुलाई आफ्नै घर नजिकै बारीमा लगि फलामको घन समेतले टाउकोमा प्रहार गरी मारी मासु काटी टुक्रा टुक्रा बनाई आ्नो घरको आगनमा ल्याई त्रिपाल भित्र बेरी लुकाई छिपाई राखेको अवस्थामा फेला पारेको जिल्ला प्रहरी स्याङ्जाले जनाएको छ । उनी तत्काल फारर रहेकोमा खोजतलास गर्दै जाँदा पेल्काचौर लुकिछिपी बसेको अवस्थामा प्रहरीले फेला पारेको थियो । उनलाई पक्राउ गरी पशुपक्षी सम्बन्धि कसूर मुद्धा दर्ता गरी जिल्ला अदालतबाट म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## मजदुरको हकहित संरक्षण गरौं

- श्रमिकका लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं,
- दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
- असल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
- स्वदेशी तथा विदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
- बालश्रमलगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं,
- मजदुरका लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागू गरौं ।

**सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## आज अन्तर्राष्ट्रिय श्रमिक दिवस, देशभर सार्वजनिक बिदा

**पाल्पा,** वैशाख १७/आज मे १ तारिख अन्तर्राष्ट्रिय श्रमिक दिवस । नेपालंसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । श्रमिकले मे १ लाई विशेष पर्वकारुपमा मनाउँदै आएका छन् । श्रमिकको हकअधिकारको सुनिश्चितताका लागि दवाब दिने उद्देश्यले हरेक वर्ष श्रमिक दिवस मनाइँदै आइएको छ । नेपालमा वि. सं २००७ सालदेखि श्रमिक दिवस मनाउन थालिएको हो । विराटनगरमा २००७ सालमा मजदुर आन्दोलनसँगै श्रमक दिवस मनाउन थालिएको पाइन्छ । दिवसको अवसरमा आज सरकारले सार्वजनिक विदा समेत दिएको छ । २०४६ को राजनीतिक परिवर्तनपछि मात्रै मे १ तारिखमा सार्वजनिक बिदा दिन थालिएको हो ।

दिवसको अवसरमा देशैभरि विभिन्न अन्तर्क्रिया, गोष्ठी आदि कार्यक्रमको आयोजना हुँदै छन् । अखिल नेपाल ट्रेड युनियन महासंघ नेपाल ट्रेड युनियन काँग्रेस, अखिल नेपाल क्रान्तिकारी




ट्रेड युनियन महासंघ, नेपाल लोकतान्त्रिक ट्रेड युनियन महासंघ (स्वतन्त्र)लगायतका मजदुर संगठनले र्‍यालीलगायतका विविध कार्यक्रम गर्दैछन् । सन् १८८६ मा अमेरिकाको सिकागो राज्यमा ८ घण्टा काम, आठ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग गर्दै आन्दोलन भएको थियो । मजदुरहरूले गरेको सो विश्व प्रख्यात आन्दोलन दबाउनका लागि अमेरिकन प्रहरी बम प्रहार गरिएको घटनाको सम्झनामा विश्वभर मे १ मा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइँदै आएको छ । सोही आन्दोलनका कारण विश्वभर मजदुरहरूले आठ घण्टा मात्र काम गर्न गरी नयाँ व्यवस्था विश्वभर प्रचलनमा आएको हो ।

राष्ट्रिय जनगणना २०७८ ले १ करोड १० लाख ३८ हजार मानिस कुनै न कुनै किसिमको रोजगारीमा संलग्न रहेको देखाएको छ ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## श्रमिकको सुरक्षामा ध्यान देऊ

उद्योग, व्यवसाय, कम्पनी, सघं संस्था सञ्चालन गर्न पहिलो प्राथमिकतामा श्रमिक पर्छन् । श्रमिकबिना कुनै पनि संस्थाको काम राम्रो र व्यवस्थित ढङ्गले सञ्चालन हुन सक्दैन । कुनै पनि प्रतिष्ठानमा काम गर्ने श्रमिकको स्वास्थ्य रक्षा र सुरक्षा महत्वपूर्ण विषय हो । तर श्रमिकको स्वास्थ्य र उत्पादकत्वसँग जोडिएको व्यवसायजन्य सुरक्षा र स्वास्थ्यलाई खासै प्राथमिकतामा राखेको पाइँदैन । यो अत्यन्त दुःखको कुरा हो । कुनै पनि पेसा व्यवसायको प्रकृतिअनुसार कार्यथलोमा काम गर्दा हुने दुर्घटना, श्रमिकको स्वास्थ्यमा पर्ने शारीरिक, मानसिक वा जोखिमयुक्त असुरक्षित वातावरणलाई घटाउँदै स्वस्थ र सुरक्षित वातावरण स्थापित गरी श्रमिकलाई विभिन्न दुर्घटना, जोखिम र अल्पकालीन एवं दीर्घकालीन व्यावसायिक रोगबाट बचाउन विकसित भएको अवधारणा नै व्यवसायजन्य सुरक्षा र स्वास्थ्य हो । यसले श्रमिकको स्वास्थ्य, उत्पादकत्व तथा आर्थिक पक्षलाई समेत प्रत्यक्ष प्रभाव पर्ने भएकाले यो विषयलाई सबै पक्षले गम्भीर ध्यान दिनुपर्ने हो तर त्यसो हुन सकेको छैन् । नेपालसहित विश्वभर नै श्रमिकको सुरक्षाको तथ्यांक भयावह छ । हरेक वर्ष विश्वमा लाखौं श्रमिकहरु पेसागत दुर्घटना र रोगबाट मृत्यु भइरहेका छन् ।

नेपालको सन्दर्भमा पनि यसको अवस्था गम्भीर छ । तर सम्बन्धित निकायले दुर्घटना, जोखिम, प्रभावित संख्या र व्यवसायजन्य दुर्घटना एवं रोगबाट कति श्रमिक वा मानिसको मृत्यु भएका छन् ? तथ्यांक राख्न सकेको छैन । नेपालको श्रम विश्वका विभिन्न क्षेत्र निर्माण, कलकारखाना, कृषि, फुटपाथ, यातायात, गलैंचा, गार्मेन्ट, टेक्सटाइल लगायतमा सुरक्षा तथा स्वास्थ्यको अवस्था अत्यन्तै नाजुक रहेको दिनहुँ आइरहने श्रमिक मृत्यु भएका समाचारबाट समेत पुष्टि हुन्छ । तथापि यसको व्यवस्थित तथ्यांक राख्न नेपालको श्रम मन्त्रालय चुकेको छ । नेपाल सरकारले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र स्थापना त गरेको छ तर यसले प्रभावकारी काम गर्न सकिरहेको छैन् ।

हरेक वर्ष मे १ तारिखमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने गरिन्छ । आज पनि हरेक वर्ष जस्तै यस वर्षको दिवस मनाइँदै छ । तर यो दिवस औपचारितामै सिमित बन्न पुगेको छ । औपचारिकता र कर्मकाण्डी ढङ्गले दिवसहरू मनाउने प्रचलनले श्रमिकको मर्म र भावनामा ठेस पुग्ने गरेको छ । श्रमिकको स्वास्थ्य रक्षा र सुरक्षा व्यवस्था राम्रो भएको औद्योगिक प्रतिष्ठानले मात्र प्रगतिको बाटोमा अघि बढ्न सफल हुन्छ । त्यसैले प्रतिष्ठानमा कार्यरत श्रमिकको राम्रो स्याहार, हेरविचार एवं स्वास्थ्य रक्षाको नितान्त आवश्यक हुन्छ । श्रमिकलाई औद्योगिक प्रतिष्ठानबाट राम्रो पारिश्रमिक दिएर मात्र पर्याप्त हुँदैन, उसको स्वास्थ्य रक्षा र जीवन सुरक्षामा पनि ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

परिस्थिति आफैसँग छ अरुसँग होइन, हिजो
भन्दा आज राम्रो गर्नु छ, र आज भन्दा भोलि ।
*(सोनिया आलेको फेसबुक स्टाटस* https://www.facebook.com/Soni.Ale )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# 'एक घर एक लालीगुँरास' : हरित सोच, समृद्ध समाज




## सुशिल बस्याल

लालीगुराँस नेपालको राष्ट्रिय फूल हो । यो फूललाई भारतको उत्तराखण्ड राज्यको पनि राष्ट्रिय फूलको रूपमा राखिएको छ । यो फूल पहाडी भेगमा पाईने गुराँसको फूल हो । यो सामान्यतया माघ, फागुन तिर फूलेको देखिन्छ । तर छिटो फूल्ने ठाउँमा यो फूल पुषको महिनामा पनि फूलेको देखिन्छ । फूलको रंग रातो हुन्छ । फूलको आकार औसत अरु फूलहरू भन्दा केही ठूलो हुन्छ । यसको पात लामो हुन्छ । पातको लम्बाइ लगभग ५ देखि १० से.मी. सम्म हुन्छ । यसको रुखको उँचाई र आकार ठाउँ अनुसार फरक हुन्छ । निम्न पहाडी भू-भागमा यसको रुख मध्यम खालको हुन्छ भने उच्च पहाडी भागमा यसको रुख धेरै ठूलो र झ्याम्म परेको हुन्छ ।

रोयल बोटानिक गार्डेन्स क्यु लन्डनका अनुसार संसारभर गुराँसको १ हजार ७३ प्रजाति छन् । तीमध्ये एक प्रजाति लालीगुराँसको वैज्ञानिक नाम रोडोडेन्ड्रन अर्बोरियम हो । गुराँस जातिअन्तर्गत लालीगुँरास सबैभन्दा अग्लो रुख हुने प्रजाति हो । यो प्रजाति नेपाल पाकिस्तान, भारत, नेपाल, श्रीलंका, तिब्बत, भुटान, म्यान्मार, भियतनामसहित म्यान्मार र भियतनामसँग जोडिएको चीनको दक्षिणपूर्वी क्षेत्र युनानमा प्रचुरतम मात्रामा पाइन्छ । विभिन्न अभिलेखबाट नेपालमा अहिलेसम्म गुराँसको ३४ प्रजाति छन् भन्न सक्ने अवस्था छ । तीमध्ये सबैभन्दा प्रचुर मात्रामा पाइने लालीगुँरास हो । यो समद्री सतहबाट १२ सयदेखि ३५ सय मिटर भौगोलिक उचाइसम्म पाइन्छ । नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयले २०७५ सालमा जारी गरेको गुराँस संरक्षण कार्ययोजना (२०७५-२०८०) अनुसार गुराँस ४३ जिल्लामा पाइन्छ । लालीगुँरासको पुष्प पत्रको भित्री आवरणमा अक्सर काला थोप्लाथोप्ली हुन्छ । यस्ता थोप्लाथोप्ली कुनैमा बढी र कुनैमा कम हुन्छ । यही थोप्लाथोप्लीबाट यो प्रजाति सजिलै पहिचान गर्न सकिन्छ । यो प्रजातिको फूल रातो मात्र नभई सेतो, खरानी, हल्का पहेँलो आदि रङमा फुल्छ । भौगोलिक सतह कम उचाइ र पारिलो घाम भएको ठाउँमा पुस महिनाबाटै फुल्न सुरु हुन्छ । ३४/३५ सय मिटर उचाइमा भने असारसम्म फुल्छ । त्यो उचाइमा यसको बोट पोथ्रा जत्रो हुन्छ । लालीगुराँसले वातावरणलाई नै सौन्दर्य बनाउने गर्दछ । एक पटक कल्पना गरेर हेरौं त हरेक घरको आँगनमा राताम्य लालीगुँरास फुलिरहेको छ । बिहानको घामसँगै गन्ध र रङ फैलिरहेको छ, र ती फूलले केवल वातावरण मात्र होइन, हाम्रो मन, मुटु र जीवनशैलीलाई पनि सजाइरहेको छ । तर पछिल्लो समय यही लालीगुराँस मानविय अतिक्रमणले गर्दा नासिदै गएको पाइन्छ । यसको संरक्षण अहिलेको आवश्यकता हो । यही आवश्यकतालाई महसुस गरे "एक घर एक लालीगुँरास" अभियान चलाइएको छ । जहाँ प्रकृति, संस्कृति र नागरिकको सहकार्य मिसिन्छ । लालीगुँरास केवल फूल होइन, यो हाम्रो राष्ट्रिय पहिचान हो । हिमालदेखि पहाडसम्म फक्रने यस फूलले नेपाली स्वाभिमान र प्राकृतिक विविधताको प्रतिनिधित्व गर्छ । तर आज, आधुनिक जीवनशैली र शहरीकरणको दौडमा हराउँदै गएको यो सौन्दर्य पुन: घर-घरमा फर्काउने प्रयास यो अभियानको हो ।

*विभिन्न अभिलेखबाट नेपालमा अहिलेसम्म गुराँसको ३४ प्रजाति छन् भन्न सक्ने अवस्था छ । तीमध्ये सबैभन्दा प्रचुर मात्रामा पाइने लालीगुँरास हो । यो समद्री सतहबाट १२ सयदेखि ३५ सय मिटर भौगोलिक उचाइसम्म पाइन्छ । नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयले २०७५ सालमा जारी गरेको गुराँस संरक्षण कार्ययोजना (२०७५-२०८०) अनुसार गुराँस ४३ जिल्लामा पाइन्छ । लालीगुँरासको पुष्प पत्रको भित्री आवरणमा अक्सर काला थोप्लाथोप्ली हुन्छ । यस्ता थोप्लाथोप्ली कुनैमा बढी र कुनैमा कम हुन्छ । यही थोप्लाथोप्लीबाट यो प्रजाति सजिलै पहिचान गर्न सकिन्छ । यो प्रजातिको फूल रातो मात्र नभई सेतो, खरानी, हल्का पहेँलो आदि रङमा फुल्छ । भौगोलिक सतह कम उचाइ र पारिलो घाम भएको ठाउँमा पुस महिनाबाटै फुल्न सुरु हुन्छ । ३४/३५ सय मिटर उचाइमा भने असारसम्म फुल्छ । त्यो उचाइमा यसको बोट पोथ्रा जत्रो हुन्छ । लालीगुराँसले वातावरणलाई नै सौन्दर्य बनाउने गर्दछ ।*



**के हो अभियानको सार ?**
"एक घर एक लालीगुँरास" भन्ने सरल भनाइमा ठूलो दृष्टि लुकेको छ–हरेक नागरिकलाई वृक्षारोपण, संरक्षण र हरियालीको अभियन्ता बनाउने । यो केवल बिरुवा रोप्ने काम होइन, आफ्नो जग्गामा सकारात्मक ऊर्जा रोप्ने काम हो ।

**वास्तुशास्त्रले के भन्छ ?**
वास्तुशास्त्रका अनुसार, घर वरिपरि हरियाली हुनु स्वास्थ्य, समृद्धि र सन्तुलनको प्रतीक हो । लालीगुँरास जस्तो रातो फूलले घरमा आत्मबल, प्रेरणा र उत्साह ल्याउँछ । विशेष गरी पूर्व र उत्तर दिशामा बिरुवा राख्नाले घरमा सकारात्मक ऊर्जा बढ्छ ।

**नागरिकलाई के फाइदा ?**
-शुद्ध वायु र हरियालीको लाभले स्वास्थ्यमा सुधार
-घरको सौन्दर्यता र सकारात्मक माहोल
-बालबालिका र जेष्ठ नागरिकमा प्रकृतिप्रति झुकाव
-सामाजिक सन्देश : "मेरो रुख, मेरो जिम्मेवारी"
-भविष्यमा हरित पर्यटन र आर्थिक सम्भावना

**सामूहिक प्रयास, दीगो विकास**
यो अभियान व्यक्तिगत प्रयासबाट सुरु भए पनि सामुदायिक रूप लिँदैछ । विद्यालयमा लालीगुँरास क्लब, सामूहिक वृक्षारोपण, तालिम, अवलोकन भ्रमण– यी सबैले स्थानीय तहमा हरित नेतृत्व र वातावरणीय चेतना फैलाइरहेका छन् । प्राकृतिक सौन्दर्यसँगै यस फूलमा लुकेको औषधीय गुणले गुराँसलाई विशेष बनाउँछ । यसको रसले कलेजो, मिर्गौला, मुटु तथा हड्डीका समस्यामा राहत दिन्छ, र उच्च रक्तचाप नियन्त्रणमा उपयोगी मानिन्छ । गाउँघरमा माछाको काँडा अड्किएको बेलामा गुराँसको जुस प्रयोग गरिन्छ ।

**यदि तपाईंको ठाउँमा हुन्न भने- हुने ठाउँमा रोप्नुहोस्**
हो,सबै ठाउँमा लालीगुँरास हुन्न । यो प्राकृतिक रूपमा खास उचाइ, चिसो वातावरण र माटो चाहिन्छ । तर त्यसले रोक्दैन तपाईंलाई । यदि तपाईंको घरमा हुन्न भने-छिमेकीको बारी, विद्यालयको कम्पाउन्ड, सामुदायिक वन, मन्दिरको आँगन, वा गाउँको खुला ठाउँमा एउटा बिरुवा रोप्नुहोस् । एक बिरुवा तपाईंको तर्फबाट । तपाईंको नाममा । तपाईंको सपना बोकेर ।

अन्ततः लालीगुँरासको देशमा हरियालीको क्रान्ति जब हरेक घरको आँगनमा लालीगुँरास फुल्छ, त्यो केवल फूल होइन–त्यो एक सोचको फुलावट हो । यो अभियान भविष्यका पुस्तालाई हरियाली सुम्पने संकल्प हो । गुराँसले हामीलाई स्मरण गराउँछ । प्रकृति हाम्रो जीवनको मूल हो । यसको संरक्षण गर्नु, यसको उपयोगितालाई सम्मान गर्नु र यसको सांस्कृतिक मूल्य बुझ्नु आजको आवश्यकता हो । गुराँस मात्र फूल होइन, यो हाम्रो जीवनशैली, स्वास्थ्य र संस्कृतिसँग जोडिएको एक अमूल्य सम्पदा हो । आउनुहोस्, लालीगुँरास रोपौं–प्रकृतिमा प्रेम रोपौं ।

***(लेखक बस्याल राष्ट्रप्रेमी तथा लालीगुराँस अभियान्ता समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : बोलिले ठूलो कार्य सम्पादन हुनेछ। सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भइएला। | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । |
| **वृष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। अरूको उपकारमा मन लाग्नेछ। | **बृश्चिक** :जीवनसाथीको सहयोग मिल्नेछ। व्यापार व्यवसायमा मनग्य लाभ रहनेछ। |
| **मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ । | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : आँटेको कार्य सम्पादन हुनेछ। मेहनतले आयस्रोत बढाउन सकिनेछ। |




अभिभावक — घिमिरे पण्डित

# बालबालिकालाई अभिभावकले गर्ने सच्चा प्रेम कस्तो हुनुपर्छ ?

हामीले आफ्ना सन्तानलाई गर्ने प्रेमबारे चर्चा गरौं- उनीहरू जे माग्छन् त्यही दिन्छौं । जहाँ जाने भन्छन् त्यहीं लगिदिन्छौं । कतै छुस्स लडिहाले भने तुरुन्त उठाउँछौं । माया गरेर बोलाउँछौं, सुमसुम्याउँछौं । कति पनि रुन दिँदैनौं । ऊभन्दा कमजोर अर्थात् उसलाई अल्झाउने, बिल्झाउने मान्छे वा वस्तुलाई घिमिरे पण्डितपाई गर भनेर फुल्याउँछौं । ऊसँगै हाँसिदिन्छौं, आदि-इत्यादि । यस्तै, आफ्ना सन्तानलाई केही काम नलगाउने र खानेकुरा खाऊ कि खाऊ भनेर कर गर्ने पनि गर्छौं । नखाए हातैमा वा मुखैमा राखिदिन्छौं । भान्छामा पाकेको खाना खान्न भनेमा होटलमा लैजान्छौं वा घरमा चाउचाउ पकाएर अथवा अरू तयारी कुरा खुवाउँछौं । योभन्दा बढी कति माया गर्ने भन्ने लाग्न सक्छ । यस्तै, पढाइमा राम्रो गरेर बढी अंक ल्याउँदा उनीहरूले जे भन्छन् त्यही दिएर पुरस्कृत गर्छौं । कम अंक ल्याएमा फलानोभन्दा कम हुनुभएन, उसलाई जसरी पनि जित्नुपर्छ भनेर तुलना गर्छौं । जुन समय पनि उसलाई फुर्काउँछौं । योसँग खेल, त्योसँग नखेल, नबोल भन्दै सजग पार्छौं । यस्ता र उस्ता कुरा फलानालाई नभन भन्छौं । अझ घातक कुरा- बालाई वा आमालाई वा सर-मिसलाई भनिदिन्छु, पुलिसलाई भनिदिन्छु भनी डर देखाउँछौं । अब सोचौं, के यही हो बालबालिकालाई प्रेम गर्ने तरिका ? बालबालिकाले त प्रेमपूर्वक व्यवहारबाट नयाँ कुरा सिक्नुपर्छ, प्रतिभा प्रस्फुटन गर्न सक्नुपर्छ । यस्तै, उसलाई सामाजिक मूल्य-मान्यता र नैतिक शिक्षाको ज्ञान होस् । आफ्नो काम आफैं गर्न सक्ने होस र जोस उसमा आओस् । उमेर अनुसार आएका बाधा-व्यवधान आफैं समाधान गर्न सक्ने उपाय सोच्न सकोस् । धनी, गरिब वा भिन्न समुदायका आफ्ना सहपाठी र छिमेकीहरू साथी हुन् भनेर घुलमिल गर्न सकोस् । किसान, मजदुर, डकर्मी-सिकर्मी, प्रहरी, व्यापारी सबै समाजका लागि नभई नहुने सीपयुक्त व्यक्ति हुन् भनेर सम्मान गर्न सिकोस् । पसिनाको मूल्य बुझोस् । यी होइनन् र अभिभावके सोच्नुपर्ने विषय ? यस्तै बालबालिकालाई भोजन खेर नफाल्न सिकाउनुपर्छ, अन्न र फलफूल उत्पादन गर्दै गरेको, हिलो-मैलो लागेको किसानलाई चिनाउनुपर्छ, बिउ रोप्दादेखि बाली भित्र्याउँदा समेतको श्रम देखाउन र बुझाउनुपर्छ । आफूले भोजन गरिरहेका वस्तुको उत्पादन सम्बन्धमा बुझेमा ऊ किसान र मजदुरप्रति अनुग्रहित हुन सक्छ । जापानको अभ्यास यहाँ उल्लेख गरौं- त्यहाँका स्कुले बच्चालाई हरेक उत्पादन जस्तो: अन्न र फलफूल, तरकारीजस्ता खेतीको काम देखाउन र गराउन फिल्डमा नै लगिने रहेछ । किसानहरू स्रोत व्यक्तिको रूपमा हुँदा रहेछन् । स्थानीय किसानसँग स्कुलको शैक्षिक सत्र सुरु हुने बेला नै के के बाली देखाउन सक्छ भनेर सम्झौता हुने रहेछ । किसानले बाली लगाउने, गोडमेल गर्ने, थन्क्याउने समयको अनुमानित मिति पेस गरेपछि प्रस्ताव स्वीकृत हुने र सोही अनुसार तालिका मिलाएर देखाउन र गराउन लगिने रहेछ । फलत: जापानी बालबच्चा सानैदेखि खानेकुरालाई अत्यन्त सम्मान गर्ने र महत्त्व दिने गर्दारहेछन् । यस्तै किसानको माग, किसानलाई सरकारले जग्गा उपलब्ध गराउने प्रक्रिया, किसानको परिवारबाट जति व्यक्ति संलग्न हुन्छन्, उनीहरूले पाउने तलब-भत्ता वा पेन्सन आदिबारे पनि जापानमा बालबालिकालाई जानकारी दिने गरिँदो रहेछ । हामीकहाँ बालबालिकालाई भन्ने गरिन्छ, 'राम्रोसँग पढ नत्र मै जस्तो (कुनै पेसा अपनाउने) हुनेछौ ।' यसो भनेर हामीले आफ्नो पेसाकै साख गिराइरहेका हुन्छौं । यसो भन्ने अभिभावकलाई छोराछोरीले सधैं पीडित देख्छन् । त्यसैले बालबालिकाको अगाडि आफ्नो पेसालाई कहिल्यै होँच्याउने गल्ती गर्न हुँदैन । बच्चाहरूले पैसा माग्दा 'छैन, दिन्नँ' बाट सुरु गर्नु राम्रो होइन । उनीहरूलाई पैसा किन र केका लागि चाहिएको हो भनी जिज्ञासापूर्वक सोध्नुपर्छ । आवश्यक परेको कारण थाहा पाएर रकम दिँदा उनीहरूलाई भन्नुपर्छ- 'तिम्रो यो काम यति कारणले राम्रो भएकाले दिँदै छु ।' उसले गर्न खोजेको कामको गुण-दोष केलाउन उसैलाई लगाउने गर्नुपर्छ । यसो गर्नाले छोराछोरीलाई आमाबाबुप्रति हीनताबोध हुँदैन । यस्तै पढाइको गुणस्तर अथवा प्राप्ताङ्कलाई लिएर प्रेरित गर्न सकिन्छ- उनीहरूसँगै बसेर यसअघिका सबै मार्कसिट हेर्ने र हरेक विषयमा हिजो र आजको तुलना आफैं गर्न लगाउने । सन्तुलित अंक भए वा नभएको कुरामा सम्झाइदिने गर्नुपर्छ । प्रतिस्पर्धा अरूसँग होइन, आफैंसँग गर्नुपर्छ भनी बुझाउन सकिन्छ । पढाइ राम्रो बनाउन हामीले के कस्तो मद्दत गर्नुपर्छ भनेर सोध्ने र उनीहरूले के सुधार गर्नुपर्छ खोज्न लगाउने । बढी अंक ल्याउनु मात्र ठूलो कुरा होइन, बुझ्नु, सिक्नु र जानेका कुरा सकभर व्यवहारमा लागू गर्नुपर्छ भनी उत्प्रेरित गर्नुपर्छ । अतिरिक्त क्रियाकलापमध्ये उनीहरूलाई कुन विधा मनपर्छ, त्यो कुरा अभिभावकले बुझ्नुपर्ने हुन्छ । तिमीलाई के मनपर्छ मात्र भन्दा उसलाई जानकारी नहुन सक्छ । विभिन्न खेल, नृत्य, संगीत, चित्रकला आदिका बारेमा देखाएर वा बुझाएर उनीहरूको चाख बुझ्न सकिन्छ । पढाइ सँगसँगै कुनै अर्को एक विधामा लगाउन सकियो भने ऊ बरालिने, समयको दुरुपयोग गर्ने, कुसंगतमा लाग्ने सम्भावना कम हुन्छ । आफ्ना छोराछोरीका मिल्ने साथीहरूसँग र तिनका अभिभावक पनि चिनाजानी हुनुपर्छ, सकभर एकापसमा बोलचाल र घुलमिल भएको राम्रो ।

कुनै दिन आफ्नो सन्तान फलानो साथीकहाँ हुन्छु भनेको छ भने त्यही घरमा फोन गर्ने, कुरा गर्ने गर्नुपर्छ । यसो गर्दा सामाजिक सम्बन्धको विकास पनि हुन्छ र छोराछोरीको इमानदारिताको जाँच पनि हुन्छ । बच्चाको उमेर अनुसार घरायसी काम 'यसो गर र त्यसो गर' भन्नुभन्दा आमाबाबुले गरेरै छोराछोरीलाई देखाउनुपर्छ । जस्तो : आफ्ना कट्टु-मोजा धुने लगायत काम आफैं गर भन्न सकिन्छ, तर ती काम घरमा सबैले गरेको हुनुपर्छ । बुवा वा अरुले गरेका छैनन् भने बालबालिका खासगरी छोराले गर्न मान्दैनन्, कामको नाममा पानी सारेर पनि खाँदैनन् । छोराले यस्ता काम आमा वा दिदीबहिनीबाट गराइरहेको हुन्छ । यसले गर्दा ऊ सीपहीन र अल्छी बन्दै जान्छ । समय हेरेर फलफूल यी त भए केही सामान्य उदाहरण । दैनिक जीवनमा यस्ता खालका व्यावहारिक पक्ष प्रशस्त छन् । जे भन्यो त्यही पु-याएर, फिटिक्क काम गर्न नलाएर, सदा फुर्काउने मात्र काम गरेर आफ्नो बालबच्चालाई परजीवी नबनाऊँ । उमेर अनुसार आउने बाधा-व्यवधानमा परिचित गराउँदै सानादेखि ठूलो सीपको विचार उत्पन्न गर्ने प्रतिभासम्मलाई मलजल पुऱ्याऊँ । अभिभावकले गर्ने सच्चा प्रेम यही हुनेछ ।

*-रातोपाटी डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

## तानसेन नगरपालिकाको अनुरोध

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

| पिताम्बर पाण्डे | प्रतिक्षा सिंजाली | सन्तोष लाल श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


कथा — डम्मर सिंह साउद

# शिक्षाको उज्यालोमा मिस्टर भण्डारी



सुदूर पहाडी दुर्गम गाउँको साँझ ढल्किँदै थियो । सुनौलो किरणहरू डाँडाकाँडालाई चुम्दै बिस्तारै हराइरहेका थिए । त्यही बेला उनी (भण्डारी) पुरानो झोला काँधमा झुन्ड्याएर क्याम्पसको उकालो बाटोमा पाइला टेक्दै थिए । हावाको हिलोरले उनको सेतो कर्टीको कुना हल्लाइरहेको थियो, तर मनमा अनगिन्ती लहरहरू उम्लिरहेका थिए । गाडोले घेरेको बाटोले उनलाई बाल्यकालसम्म पुऱ्याउँदै थियो, जहाँ बुवाको कठोर परिश्रम र आमाको मौन स्नेहले उनको जीवनको आधारशिला राखिएको थियो । मध्यम वर्गीय परिवेशमा जन्मिएर हुर्केका उनी बाल्यकाल देखिनै श्रम र संघर्षसँग नजिक थिए । बुवाका उस्तै चट्टानी अनुहार र छोरोलाई सधैं सचेत गराउने ती वचन 'पनीर परिश्रमको स्वाद गाढा हुन्छ' भन्दै उनको कान समाएका थिए । आमाले कहिल्यै बोलीले अनुशासन थोपरेनन्, तर उनको आँखा र संवेदनले मुटुको भाव बोकेर सिकायो–धैर्यता र विनम्रताको मूल्य । माटोको घरमा सँगै बसेर दाल-भात खाँदा, उनी त्यो सादगीमा सुख पाएह र बिहानै खेतमा उब्जेका शूद्र घाँस तानेर घरसम्म लैजाँदा, श्रमको महिमा चुम्बन गरे । त्यो आधारभूत शिक्षा नै उनको आत्मामा गहिरो अंकित भयो–शिक्षा केवल पुस्तक मात्र होइन, कर्म र चरित्रको मिलन क्षेत्र हो ।

धेरै वर्षपछि, उनी एसएलसी उत्तीर्ण गरी शहरतिर सर्न पाए । त्यहाँको पुस्तकालय, सडक र पुरानो क्याम्पसले उनलाई नयाँ दुनियाँको ढोकामा प्रवेश गरायो । 'शिक्षा भूखो पेट भर्न सक्दैन' भन्ने गाउँलेको भयले उनलाई झस्काए पनि, उनको भित्री आवाजले भनिरह्यो, 'ज्ञानको प्यासले जीवन पस्कन्छ ।' दुई वर्षसम्म उनले रातदिन पढे, सानो कोठामा घाँसको गन्ध मिसेको पुरानो ओछ्यानमा बसेर, र अन्तत: अंग्रेजी शिक्षणमा स्नातकोत्तर गरे । त्यो खुशीलाई उनले जीवनको ठूलो विजय ठाने । उनले पहिलो दिन क्याम्पसको पुरानो भवनमा पाइला राख्दा, हृदयमा अनौठो कम्पन महसूस गरे । कोठाको कालो सेतो पट्टाबाट बोर्डसम्मको दूरीमा उनले आफ्नै प्रतिबिम्ब देखे–आँखा झिम्किँदै, मन धड्किँदै । विद्यार्थीहरूको उत्सुकपन र डरको मिश्रित भावले उनलाई चर्पटी भऱ्यो । उनले श्वास लिए, र न्यून स्वरमा भने, 'गुड् मर्निङ्,' तर त्यो वाक्य उनको लागि केवल अभिवादन थिएन, त्यो उनको सपनाको उद्घोषणा थियो । साधारण व्याकरण र शब्दार्थ पढाउनै सीमित नभई उनले कक्षालाई जीवन्त बनाउन संघर्ष गरे । उनले विवेचना र संवादका माध्यमबाट विद्यार्थीहरूलाई सक्रिय बनाए -समूहगत आलोचना, अभिनयात्मक अभ्यास, कविता पाठ, र संवादात्मक खेलकूद । एक दिन एकजना विद्यार्थीले अंग्रेजीमा एउटा छोटो कविता लेखेर अगाडि घोषित गर्न खोज्दा डरले मुख झुकाएको देखे । उनले मुस्कुराए र कोमलतापूर्वक बोले, "तिम्रो विचार सुन्न पाउँदा मलाई गर्व छ, कविता पढ हल्का स्वरमा, गल्तीले डराउनु पर्दैन ।" त्यो क्षण त्यो विद्यार्थीको अनुहारमा आत्मविश्वासको प्रकाश झल्कियो, र त्यसै प्रकाशले कक्षालाई नौलो उत्साहले भऱ्यो । उनको पठनशैलीले विद्यार्थीलाई अंग्रेजीलाई केवल भाषा नभई अनुभूति र भावानुभूतिको माध्यम ठानेर फदयले आत्मसात् गर्न प्रेरित गर्यो । कतिले कौतूहलले प्रश्न सोधे, कतिले मुस्कुराउँदै प्रतिक्रिया दिए । शिक्षण केवल पाठ्यपुस्तकको पाना नभई जीवित संवाद जस्तो हुनुपर्छ भन्ने उनको दृष्टि विद्यार्थीका अनुहारमा प्रतिबिम्बित हुन थाल्यो । तर शिक्षा-क्रान्तिको त्यो सुनौलो किरण हेर्दै राजनीतिसँग टकरायो । क्याम्पसमा सत्ता र दलहरूको गहिरो सञ्जाल थियो, जहाँ केही शक्तिशालीहरूले आफ्नो पहुँच बढाउन शिक्षालयलाई प्रयोगमा लिंदा, योग्यताको सट्टा दल-सिफारिसले निर्णय निर्धारण हुन थाल्यो । उनी शान्त थिए, तर घुमक्कड राजनीतिक चालले उनलाई पीडायुक्त पार्दै थियो । एक दिन, एक पत्रिकामा प्रकाशित भयो, "नयाँ असिस्टेन्ट प्रोफेसर भण्डारीलाई दल नजिक नभएको भन्दै क्याम्पसबाट पाउनुपर्ने विभिन्न अवसर र जिम्मेवारीबाट वञ्चित ।" त्यो समाचारले विद्यार्थीहरूको टोलीलाई झस्कायो । त्यस्तै एकदिन सन्दीप नामका एक मेधावी विद्यार्थीले छात्रवृत्ति नपाउँदा भावुक हुँदै भन्यो, "सर, मैले आफ्नो रगत पसिना हालेर अंक ल्याएँ, तर दलहरूसँग नजिक नभएकोले म अवसरबाट वञ्चित गराइयो ।" सन्दीपको त्यो पीडाले भण्डारीको फदयलाई पनि पोल्यो । भोलिपल्ट, उनी बिहानै क्याम्पसको प्रशासनिक कक्षमा डटिए । कागजात र तथ्यसहित उनले प्रश्न उठाए, "कसरी शिक्षा दलको खेल बन्न पुग्यो ? के कुनै प्रतिभा दलभित्र अड्किन्छ ?" उनको स्वर ठोस, आँखामा अग्नि जस्तै चम्किलो थियो । प्रशासनिक टोली चूप लाग्यो । उनी थपे, "हामी यदि शिक्षा र राजनीति अलग गर्न सक्दैनौं भने, यो देश कहिल्यै विकास हुन सक्दैन ।" त्यो बहसमा प्रशासन लज्जित बन्यो, र 'छात्रवृत्ति पुनरावलोकन' गर्ने निर्णय सुनियो । केही दिनपछि सन्दीपले छात्रवृत्ति पाएर फाट्ट फुक्का नमूना उभिएर चिच्यायो, "धन्यवाद, सर !" उनले मुस्कुराउँदै मात्र जवाफ दिए, "यो जीत त तिम्रो हो, दलको होइन ।" त्यो घटना क्याम्पसमा नयाँ वातावरणको सङ्केत बन्यो । दल-हस्तक्षेप विरुद्ध विद्यार्थी र शिक्षक समुदाय एक जुट हुन थाले । मूल्याङ्कन प्रक्रियामा पारदर्शिता, विद्यार्थी प्रतिनिधित्व र खुला छलफलबारे निर्णय भएको थियो । शिक्षा क्षेत्र र राजनीतिक सिमानाबीच एउटा सुरक्षा पर्खाल खडा भएको अनुभूति भयो । तर उनलाई गाउँसँगको कर्तव्य पनि सम्झना थियो । बुबाआमाले सिकाएका मूल्य र आमाको ममताले उनलाई आत्मसात् गराएको सेवा भावको पछि लागेर उनले गाउँमा साक्षरता शिविर सञ्चालन गरे । महिलालाई आधारभूत लेखन-पढ्न सिकाउन थाले, साना व्यावसायिक तालिम सञ्चालन गरे, र युवा वर्गलाई स्वावलम्बी बन्न उत्प्रेरित गरे । "शिक्षा केवल कक्षाकोठामा सीमित छैन," उनी भन्थे, "यो समाजको हरेक कुनामा पुग्नुपर्छ ।" ती तालिममा गाउँका महिलाहरूको अनुहारमा सन्तोष र आत्मविश्वास झल्कियो । एकजना नेत्रहीन महिलाले लेख्न सिकेपछि आफूले पहिलो पटक आफ्नो नाम लेखिन् - "मुक्ता !" उनले त्यो पाना छोएर आँसु झारेकी थिइन् । त्यही क्षण भण्डारीले महसूस गरे–शिक्षाले केवल विद्यार्जन गर्दैन, जीवनलाई आत्मनिर्भर बनाउँछ । विवाहपछि भण्डारीको जीवन थप रंगीन भयो । पत्नीको समझदारी र मिठासले उनका दिन-रात उजागर भए । छोरा र छोरीको निर्दोष हाँसो कोठामा गुञ्जँदै उनलाई निरन्तर विकसित हुन उक्सायो । घरमा स-साना कुराले खुशी मिल्थ्यो–एक झुलुक्क हाँसो, स्कूलबाट ल्याएको चित्र, वा बिहानै उठेर नास्ता पकाउँदा पत्नीले मुस्कुराएर दिएको माया । ती साधारण क्षणहरूले उनको अस्तित्वलाई पुन: बलियो पाऱ्यो । घर फर्किंदासम्म उनी पेशागत जिम्मेवारी सकेरै आउने गर्थे । छोरा-छोरीले ल्याएको गृहकार्य जाँच्न थाल्थे, र पत्नीको गीत सुनिरहन्थे । परिवारले उनलाई शिक्षा केवल पेशा नभई जीवनको सम्पूर्ण दृष्टिकोण हो भन्नेमा दृढ तुल्यायो । तर राजनीति फेरि घात लगाउन थाल्यो । चुनौतीहरू अवसान भएनन् । गाउँ क्षेत्रमा स्थानीय निर्वाचन आउँदा पुन: शिक्षामा दलहरूको हस्तक्षेप सक्रिय भयो । गाउँको विद्यालयमा किताबको आपूर्ति दुर्लभ भयो, रणमा उठेका गुनासोले विद्यालय हलचल गर्न छोड्यो । उनी फेरि मोर्चामा उत्रिए–गाउँठाउँमा बैठक आयोजना गरे, दलका नेताहरूसँग सिंहावलोकन गरे, र सच्चा शिक्षाको महत्त्व रोमाञ्चक भाषामा उद्घाटित गरे । त्यसपछि पहिलो पटक गाउँलेहरूले स्वयं चिन्तन गरे, "शिक्षा दलको प्यालो होइन, हाम्रो भविष्यको आधार हो ।" स्थानीय नेतृत्व र शिक्षक मण्डलीले हस्ताक्षरित एक प्रतिबद्धता पत्रमा सबैले औंला लेखे–शैक्षिक स्वतन्त्रता र पारदर्शिताको पाठशाला ! त्यो सामूहिक कदमले गाउँ विद्यालयमा पुन: उज्यालो भर्न थाल्यो । कतिपयले उनलाई साधारण शिक्षक भन्थे, तर गाउँ-शहरका धेरै अनुहारमा उनको रूप एक योद्धा झैं झल्किन थाल्यो । विद्यार्थीहरू राष्ट्रिय परीक्षामा सफल भए, गाउँलेहरू आत्मनिर्भर भए, र शिक्षा-राष्ट्रियता बीचको दूरी घट्दै गयो । उनका पथप्रदर्शक बुवाआमा, पत्नी-सन्तान, र विद्यार्थीहरूको माया-समर्थनले उनलाई अझ सबल तुल्यायो । आज पनि बिहानै उठेर उनी क्याम्पस र गाउँको बाटो हिँड्छन् । बोझिलो झोला उस्तै छ, तर मनमा असङ्ख्य अनुभूति र ऊर्जा भरिएको छ । उनी भन्छन्, "शिक्षा राजनीतिक दबाबले सीमित हुँदैन, तर शिक्षाले नै राजनीति शुद्ध गर्न सक्छ ।" उनको यो विश्वासले सिर्जना गरेको उज्यालो संसारमा अँध्यारोको कुनै स्थान बाँकी छैन । यो कथा कुनै उपन्यासको प्रतिकृति होइन, यो यथार्थमा भोगेको जीवनको आत्मकथा हो–शिक्षाको माध्यमबाट सम्मान र समानताको विजय, राजनीति र मूल्यबीचको द्वन्द्व, र सच्चा सेवा भावले सिर्जना गरेको उज्यालो यात्रा । मिस्टर भण्डारीको कथा बिस्तारै अविरल झरना झैं बगेर अनेक अनुहारमा अँगालो फेर्दै, हामी सबैको फदयमा सन्देश बोकेको छ, "जब शिक्षा निष्पक्ष र पवित्र हुन्छ, तब मात्र राष्ट्र उज्यालो हुन्छ ।"

**-साहित्यपोष्ट डटकम**

# माथागढीको जङ्गलमा एक पुरुष मृत फेला



**पाल्पा,** वैशाख १७/जिल्लाको माथागढी गाउँपालिकाको जङ्गलमा एक पुरुष मृत फेला परेका छन् । बुधबार दिउँसो माथागढी-४ झडेवास्थित जङ्गलको खोल्सामा सोही ठाउँका ४९ वर्षीय रेशमराज सार्की मृत अवस्थामा फेला परेका हुन् ।

सार्की ५ दिन अघि आफन्तको घरमा गएको र मंगलबार आफन्तको घरबाट फर्किएको भनिए पनि साँझ अबेरसम्म पनि घरमा नगएपछि परिवारले खोजतलास गरेका थिए । खोजतलास गर्ने क्रममा बुधबार दिउँसो जङ्गलमा मृत अवस्थामा फेला पारिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । उनका अनुसार घटनाको प्रारम्भिक अनुसन्धान पछि शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल पठाईएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# महिलालाई कानुनी अधिकार सम्बन्धी सचेतना



**पाल्पा,** वैशाख १७/जिल्लाको रामपुरका महिलालाई कानुनी अधिकार सम्बन्धी सचेतना दिइएको छ । रामपुर नगरपालिका न्यायिक समितिको आयोजनामा वडा नं. ७ का महिलालाई कानुनी सचेतना दिईएको हो ।

कार्यक्रममा नगरप्रमुख रमणबहादुर थापाले महिला माथि हुने हरेक हिंसालाई कानुनी उपचारमार्फत समाधान गर्नुपर्ने बताए । उनले व्यक्तिगत व्यवहार र आचरणका कारण घर परिवार र समाजमा हिंसा हुने भन्दै यसको न्यूनिकरणका लागि सबै सचेत हुनु पर्नेमा जोड दिए । हिंसारहित समाज र नगर निर्माणका लागि सबै नगरवासी प्रतिवद्ध भएर लाग्न उनले महिलाहरुलाई आग्रह समेत गरे ।

उपप्रमुख बालकुमारी थापाले समाजमा व्याप्त हिंसाको न्यूनीकरणका लागि सचेत हुन आवश्यक रहेको उल्लेख गरिन् । उनले हिंसा सहेर बस्दा हिंसालाई थप बढावा मिल्ने भन्दै यसलाई तत्काल कानुनी दायरामा ल्याउनुपर्नेमा जोड दिइन् । चेमन प्रकाश पोखरेलले विकृतिले विभिन्न नकारात्मक घटना निम्त्याउने भन्दै नकरात्मक गतिविधिबाट पछाडी हट्नुपर्ने बताए । बाल विवाह र बहुविवाहका कारण महिला हिंसा बढेकाले यसलाई नियन्त्रण गर्न आवश्यक रहेको उनको भनाई छ । वडा अध्यक्ष दोवराज तिवारीले वडामा महिला हिंसाका घटना बढ्नु चुनौतीको रुपमा रहेको बताए ।

महिला हिंसाका कारण आत्महत्या र सम्बन्ध विच्छेद गर्नेको संख्या बढेको तिवारीले बताए । कार्यक्रममा हिंसाको स्रोत, यसको पहिचान, हिंसा हुनुको कारण र असर, कानुनी उपचारको प्रक्रिया र प्रावधान, हिंसाबाट पिडितको उद्दारको व्यवस्था, सजाय सम्बन्धी व्यवस्थाका विषयमा सहजिकरण गरिएको थियो । तालिमको सहजिकरण रामपुर नगरपालिका महिला बालबालिका शाखाका प्रमुख पुजा परियार र एकद्धवार संकट व्यवस्थापन केन्द्र ओसिएमसिका फोकल पर्सन सरस्वती पौडेलले गरेका थिए । न्यायिक समिति संयोजक बाल कुमारी थापाको अध्यक्षता, समितिका सदस्य खेमराज अधिकारीको स्वागत, सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## मजदुरको हकहित संरक्षण गरौं

- श्रमिकका लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं,
- दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
- असल औद्योगिक श्रम सम्बन्ध कायम गरौं, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
- स्वदेशी तथा विदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
- बालश्रमलगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं,
- मजदुरका लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागू गरौं ।

**सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार।**

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


खेलकुद समाचार

## अन्तर्राष्ट्रिय क्रिकेटबाट अमित श्रेष्ठको सन्यास



**काठमाडौं, वैशाख १७**/क्रिकेटर अमित श्रेष्ठले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएका छन् । विभागीय टोली नेपाल पुलिस क्लबबाट घरेलु क्रिकेट खेल्ने श्रेष्ठले सामाजिक सञ्जालमार्फत अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएको जानकारी गराएका छन् ।

उनले बुधबार सामाजिक सञ्जालमा स्ट्यास लेख्दै उक्त घोषणा गरेका हुन् । नेपाली यू-१९ टिमको जर्सी लगाएर नेपालको प्रतिनिधित्व गर्ने सपना पूरा गर्न पाउनु आफ्नो लागि सुखद रहेको उनले बताएका छन् । उनले क्रिकेट प्रतिको आफ्नो माया कायम रहने र डोमेस्टिक खेलहरु भने खेल्ने बताएका छन् । अमितले नेपाली यू-१९ राष्ट्रिय टिमका लागि खेलेका थिए । उनले सन् २०१३ मा एसीसी यू-१९ इलाइट कप र एसीसी यू-१९ एसिया कप खेलेका थिए । तर डेढ दशक क्रिकेट खेल्दा उनले सिनियर राष्ट्रिय टिममा भने खेल्ने अवसर पाएका छैनन् । उनले सन् २०१२ मा घरेलु राष्ट्रिय क्रिकेटमा लगातार दुई खेलमा शतक प्रहार गरेका थिए । बारा कलैयाका ३१ वर्षीय अमितले फ्रेन्चाइज क्रिकेटमा एभरेष्ट प्रिमियर लिग, धनगढी प्रिमियर लिग र पोखरा प्रिमियर लिग खेलिसकेका छन् । उनले गत वर्ष भएको नेपाल प्रिमियर लिग (एनपीएल) सुदूरपश्चिम रोएल्सबाट खेलेका थिए ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्से घट्यो, कारोबार रकम बढ्यो



**पाल्पा,** वैशाख १७/सेयर कारोबार मापक नेप्से परिसूचक घटेको छ भने कारोबार रकम बढेको छ । अघिल्लो दिन नेप्से र कारोबार रकम घटे पनि बुधबार भने नेप्से घटेको छ भने कारोबार बढेको हो ।

नेप्से ८ दशमलव १४ अंकले घटेको छ । अघिल्लो दिनको तुलनामा ० दशमलव ३० प्रतिशतले घटेर समग्र नेप्से २ हजार ६ सय २३ दशमलव ८३ विन्दुमा ओर्लेर बन्द भएको छ । अघिल्ला दुई करोबार दिन लगातार घटेको नेप्सेले मंगलबार पनि सोही प्रवृत्ति पछ्याएको हो । तर, अघिल्ला दुई दिनको तुलनामा मंगलबार घट्ने दरमा भने कमी आएको छ । सो दिन कारोबारमा आएकामध्ये १०७ कम्पनीको सेयर मूल्य बढ्यो भने १३६ वटाको घट्यो । ७९ हजार ७ सय ७७ पटकको सेयर कारोबारमा २ करोड ६४ लाख ४१ हजार २ सय ६१ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ९ अर्ब ३७ करोड ४१ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि घटेको हो । मंगलबार सेयर बजारमा ७ अर्ब ५७ करोड ५२ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । सो दिन कारोबारमा आएका १३ उपसमूहमध्ये जलविद्युत्, लघुवित्त, सामूहिक लगानी कोष र व्यापार उपसमूहको परिसूचक बढे । बाँकी सबैको परिसूचक घटेपछि समग्र नेप्सेमा गिरावट आएको हो ।

समाज लघुवित्त वित्तीय संस्था,नेपाल माइक्रो फाइनान्स र क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्सको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । यसदिन भूगोल इनर्जी डेभलपमेन्ट कम्पनीका लगानीकर्ताले भने सर्वाधिक गुमाए । सो कम्पनीको सेयर १० प्रतिशतले घट्यो। कारोबार रकमका आधारमा राधी विद्युत कम्पनी शीर्षस्थानमा रह्यो । सो कम्पनीको ५८ करोड मूल्य बढीको सेयर कारोबार भयो । यसैगरी नगदी ग्रुपकव ५२ करोडको सेयर कारोबार हुँदा सानिमा माइ हाइड्रोपावरको ५० करोड,अरुण भ्याली हाइड्रोपावरको ४२ करोड र हिमालयन पावरको ३५ करोड बढीको सेयर कारोबार भयो । चार समूहबाहेक अन्यको उपसूचक नकारात्मक देखिएका छन् । हाइड्रोपावर, मनु एण्ड प्रो, म्युचुअल फण्ड र ट्रेडिङ समूहको उपसूचक बढ्दा अन्य उपसूचक घटेका हुन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## आज अन्तर्राष्ट्रिय ...

...यसमध्ये कृषि, वन र माछापालनमा ५० प्रतिशत, सामान्य वा प्राथमिक पेशामा २३ प्रतिशत, सेवा तथा वस्तु बिक्रीमा करिब ६ प्रतिशत संलग्न छन् । तर, श्रम शक्ति उत्पादनको अनुपातमा नयाँ रोजगारी सिर्जना हुन नसक्दा श्रमकै लागि नेपाली युवा विदेशिनुपर्ने अवस्था छ । सन् १८८६ मे १ मा अमेरिकाको शिकागोमा ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग गर्दै मजदुरहरुले गरेको आन्दोलन सफल भएको स्मरणमा विश्वभर श्रमिक दिवस मनाइन्छ । विश्वका श्रमिकले यो दिवसलाई विशेष पर्वका रूपमा लिँदै गुणस्तरीय जीवन बिताउन आफ्ना सुविधाको समयानुकूल बढोत्तरी तथा आफ्ना अधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम गरी मनाउँछन् ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई